प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल
(प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३
५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

Email: cm.p2.gov.np@gmail.com
Website: www.ocmcm.p2.gov.np

संख्याः २०७६।०७७
च.नं.: 2220

मितिः २०७६।११।२०

दर्ता नं.: 2999
दर्ता मिति: 99/20

**विषयः- सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा।**

**श्री प्रदेश सभा सचिवालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं.२, जनकपुरधाम।**
**श्री प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधाम।**

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको प.सं.०७६।७७ च.नं.७५० मिति २०७६।११।१४ को प्राप्त पत्रानुसार नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत रा.प.तृतिय श्रेणी वा सो सरहका अधिकृतहरुको क्षमता विकास गर्न उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) तालिम संचालन सम्बन्धी विवरणहरु उल्लेख भएको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्रको छायाँ प्रति यसै साथ संलग्न राखी पठाइएको छ। पत्रमा उल्लेख भए अनुसार योग्यता पुगेका तहाँ मन्त्रालयमा वा मातहत निकायमा कार्यरत इच्छुक प्रशिक्षार्थीहरुबाट प्रतिष्ठानको वेवसाइट www.nasc.org.np को Notices मा रहेको Long training nomination form भरी तहाँ कार्यालयको सिफारिश साथ २०७६।११।२३ सम्म यस कार्यालयमा पठाई दिनु हुन व्यहोरा आदेशानुसार अनुरोध छ।

सुरेन्द्र कुमार कर्ण
अधिकृत आठौं

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


दर्ता नं.:- ११४६८

मिति- २०७६।११।१

प.सं.
च.नं. ६८०/०७६।७७

मिति :२०७६ ११ १४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३० कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा त्यस मन्त्रालय वा अन्तरगतका निकायबाट २ वटा कार्यक्रमहरूको लागि जम्मा **४ जना** तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको मनोनयन सचिव विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति २०७६/११/२८ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

| क्रम | कार्यक्रम | मिति | जम्मा |
|---|---|---|---|
| १ | पहिलो कार्यक्रम संचालन हुने | २०७६ चैत्र ५ गतेदेखि २०७७ वैशाख १८ गतेसम्म | २ जना |
| २ | दोश्रो कार्यक्रम संचालन हुने | २०७६ चैत्र १२ गतेदेखि २०७७ वैशाख २५ गतेसम्म | २ जना |

**मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह श्रेणीमा २०७६ माघ मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ । सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन । तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

सम्पर्क :
प्रतिभा ढुंगाना
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल नं. ९८४१६७७७९९

शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३

अनुसूची-५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## प्रशिक्षार्थी मनोनयन फाराम

१. कर्मचारीको व्यक्तिगत विवरण:

(क) नाम: मोवाइल नं: कर्मचारी संकेत नं:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) शैक्षिक योग्यता (उच्चतम मात्र):

२. नोकरी विवरण:

(क) कार्यरत कार्यालयको नाम: (ख) शाखा/फांट:

(ग) ठेगाना: (घ) फो.नं.:

(ङ) मोवाइल नं. (च) फ्याक्स नं.: (छ) इमेल:

(ज) सेवा प्रवेश गरेको पद: (झ) नियुक्ति मिति:

(ञ) हालको पद: (ट) श्रेणी/तह:

(ठ) सेवा/समूह: (ड) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति:

(ढ) आफूले गर्नु पर्ने प्रमुख कार्यहरू:

३. प्रशिक्षण सम्बन्धी विवरण:

(क) हालको श्रेणी/तहमा हुंदा पहिले कुनै प्रशिक्षण लिइसकेको भए:

- प्रशिक्षणको विषय/शीर्षक:
- प्रशिक्षणको अवधि:
- प्रशिक्षण दिने संस्था र मुलुक:

मनोनित कर्मचारीको सही:
मिति:

प्रशिक्षणको लागि सिफारिस गर्ने सचिव वा सो सरहको संगठन प्रमुखको:

सही:
नाम:
पद:
कार्यालय:
मिति:

कार्यालयको छाप